विपद् पछिको खोज उद्दार र उपचारकार्यमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्थलगत अध्ययन अवलोकनका साथै सबै सुरक्षा निकाय तथा स्थानीय प्रशासनको नेतृत्वमा सबै सरकारी संयन्त्र एवं सरोकारवालाको परिचालन भइरहेको छ ।

निर्णयहरुः

१. भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिम जिल्लामा भूकम्पका कारण मृत्यु हुने नागरिकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

२. भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिम जिल्लामा खोज, उद्धार तथा उपचारका कार्यलाई पहिलो प्राथमिकता दिई सम्पन्न गर्ने ।

३. भूकम्पका घाइतेको तत्काल औषधि उपचारको व्यवस्थाका लागि आवश्यक पर्ने औषधी तथा विशेषज्ञ चिकित्सकसहितका जनशक्ति, अत्यावश्यक औषधि उपकरणहरू छिटो साधनद्धारा तत्काल परिचालन गर्ने र थप उपचारका लागि स्वास्थ्य जनशक्ति सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा तयारी अवस्थामा राखी सो कार्यको नेतृत्व तथा व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।

४. प्राथमिक राहत व्यवस्थापनका लागि खाद्यान्न, अस्थायी आवास (टेण्ट, त्रिपाल, कम्बल, म्याट्रेस, स्लीपिङ व्याग आदी), सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा रहेका भण्डारणबाट भूकम्प प्रभावित जिल्लाको आवश्यकताका आधारमा तत्काल परिचालन गर्ने ।

५. तत्कालको राहतका लागि स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी जाजरकोट र रुकुम पश्चिमको जिल्ला विपद् व्यवस्थापन कोषमा ५/५ करोड रुपैया राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण बाट पठाउने।

६. सुरक्षा फौजबाट विपद् उद्धारका लागि आवश्यक सामाग्री सहितका जनशक्ति खटाइएकोमा सशस्त्र प्रहरी बल नेपालबाट खोज उद्धार तथा व्यवस्थानको लागि विशेष तालिम प्राप्त टोली पठाउने ।

७. तत्काल द्रुत लेखाजोखा (Initial Rapid Assessment) कार्यकालागि नेपाल रेडक्रसले जिल्ला विपद् व्यवस्थापन समिति संगको समन्वयमा तालिम प्राप्त जनशक्ति खटाउने।

८. विपद्मा खोज, उद्धार, उपचार र समन्वयका लागि सुर्खेतलाई मुख्य र नेपालगञ्जलाई सहायक केन्द्र तोकी आवश्यकता अनुसार जनशक्ति र साधन श्रोत परिचालन गर्ने ।

९. विपद्मा खोज उद्धार र सहयोगका लागि विदेशी राष्ट्र तथा नियोगबाट प्राप्त भएका सहयोग प्रस्तावका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै थप विवरण र क्षतिका आधारमा आवश्यकतानुसार सहयोगका लागि अनुरोध गर्ने ।

१०. भुकम्पका कारण अबरुद्ध भएका सडक तत्काल खुलाउन सडक विभागले आवश्यक व्यवस्था मिलाउने ।

११. खोज, उद्धार र राहतका लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्धार प्रणाली अवलम्बन गर्ने साथै सहयोग गर्ने सबै व्यक्ति तथा निकायहरुले सोही संयन्त्रसँग समन्वय गरी सहयोग गर्ने व्यवस्था मिलाउने ।